# माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायको स्नातकोत्तर तह द्वितीय वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत शोधपत्र


**शोधार्थी**

युवराज खतिवडा

त्रि. वि. दर्ता नं. : ६७२६-८२

परीक्षा रोल्नं. : २१४०१३६ (दोस्रो वर्ष)

शैक्षिक वर्ष २०६३/०६४

क्याम्पस रोल्नं २७२

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ



२०६९

# सिफारिस पत्र

**माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था** शीर्षकको प्रस्तुत सोधपत्र शिक्षा सास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष Ed. 598 को आंशिक आवश्यकता पुर्तिका लागि युवराज खतिवडाले मेरा सल्लाह, सुझाव र निर्देशनमा रही मेहनत र लगनशीलताका साथ तयार पानु भएकोले यस सोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

------------------------

सोध निर्देशक

शिक्षण सहायक भोजराज घिमिरे

# स्वीकृति पत्र

**माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था** शीर्षकमा गरिएको शोध अनुसन्धानात्मक कार्य स्नातकोत्तर तह एम.एड. द्वितीय बर्षको Ed 598 को आंशिक आवश्यकता परिपुर्ती गर्नका लागि युवराज खतिवडाले तयार पार्नुभएको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | ..................... |
| २. | भोजराज घिमिरे | शोध निर्देशक | ...................... |
| ३. | | बाह्य परीक्षक | ........................ |

# कृतज्ञता ज्ञापन

शैक्षिक क्षेत्रमा सक्रिय रहने उच्च स्तरको जनशक्ती उत्पादन गर्ने तथा तालिम प्राप्त शैक्षिक व्यवस्थापक र शिक्षक उत्पादन गर्ने लक्ष्य लिई लिई त्रि.वि. शिक्षा सास्त्र संकाय श्री सुकुना वहुमुखी क्याम्पस, मोरङमा सञ्चालित स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आठौं पत्र शेध (Thesis 598) विषयमा प्रायोगिक ज्ञान दिई व्यवहारमा निपूर्ण बनाउँन ५० पूर्णाङ्कको शोध कार्यको व्यवस्था गरिएको छ। सोही व्यवस्थाको आवश्यकता पूरा गर्न **माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था** शीर्षक छनौट गरी गरेको यस अनुसन्धानमूलक कार्यको प्रतिवेदन तयार पार्ने क्रममा सुरुदेखि नै सुझाव र निर्देशन प्रदान गरी दिनुहुने विभागीय प्रमुख उप.प्रा. लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति आभार प्रकट गर्दछु। यसैगरी यस शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्न मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु शिक्षण सहायक भोजराज घिमिरे ज्यूको सहयोग विद्यार्थी जिवन कै अविस्मरणीय पक्ष भएकाले हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

अध्ययनका क्रममा आवश्यक तथ्याङ्क उपलब्ध गराई दिनुहुने काँकडभिट्टा स्रोतकेन्द्रका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थीहरू पनि धन्ययवादका पात्र हुनुहुन्छ। त्यस्तैगरी अध्ययनको उचित वातावरण मिलाई दिनुहुने परिवारजन प्रति हार्दिक आभार व्यक्त गर्दछु भने हस्तलिखित पाण्डुलिपीलाई अङ्कन गरी व्यवस्थित गराउने स्वागत कम्प्यूटर सेन्टरलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**युवराज खतिवडा**

# शोधसार

**माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था** शीर्षकमा गरिएको शोध अनुसन्धानको मुख्य उदेश्य सामुदायिक माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्थाको विश्लेशण गर्नु रहेको छ ।

यस अध्ययन कार्यलाई अगाडी बढाउन झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत पर्ने पाँचवटा सामुदायिक विद्यालय र अन्तर्गतको प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक समेतलाई बहुद्देश्यात्मक नमूना छनौट विधिबाट छनौट गरी अध्ययनमा समेटिएको छ । यसका साथै गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गर्दै प्रश्नावली, अन्तर्वाता प्रश्नावली र अभिलेख अध्ययन जस्ता अनुसन्धानका साधनबाट संकलित तथ्याङ्कलाई क्रमशः उद्देश्यअनुसार विश्लेषण गरिएको छ ।

उपयूक्त उद्देश्य प्राप्ति गर्नका लागि प्राप्त सूचनाको विश्लेषण गर्दा सामुदायिक विद्यालयमा शैक्षिक निर्माणको अवस्था फित्तलो रहेको पर्याप्त स्रोत सामग्रीको अभाव रहेको, शिक्षकहरूमा योजनाप्रति नकारात्मक सोच रहेको, प्र.अ. लगायत अभिभावक समेतले बेवास्ता गर्ने गरेको पाइएको छ भने शैक्षणिक योजना निर्माण गर्ने  आवश्यकीय तत्वहरूको रुपमा विद्यालयमा उपलब्ध पाठ्य सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, वार्षिक कार्यतालिका, एकाई योजना, विद्यालयमा उपलब्ध शैक्षिक सामग्री, शिक्षणका विधि, विद्यालयको वातावरण, भौतिक पक्ष लगायतलाई आधार मानिएको पाइयो । त्यसैगरी शैक्षणिक योजनालाई विद्यालयका कक्षाकोठाहरूमा प्रयोग , योजनाअनुसार काम नभएको, आफू खुसी कार्य गर्ने गरेको विद्यालयको पठनपाठन देखि लिएर मूल्याङ्कन प्रणालीमा समेत योजनाको प्रभाव नपरेको, हचुवाका भरमा निर्माण गरिएका योजनाको प्रयोगको सान्दर्भिकता नदेखिएको जस्ता अवस्था पाइयो ।

विद्यालयमा शैक्षिक योजनाको प्रयोगबाट सिकाई दिगो हुने, विद्यालयको स्पष्ट मार्ग चित्र प्राप्त गर्न सकिने शिक्षक, शिक्षक बीच सहयोगको भावना पैदा हुने, विद्या गतिविधि पारदर्शि हुने, कार्य गर्नलाई हौसला मिल्ने, तथा योजना अनुसार कार्य गर्ने नगरेको, योजनालाई कुनामा फ्याँकी मनोमानी ढंगबाट कार्य गर्ने गरेको यस अध्ययनका मुख्य प्राप्ति हुन । शिक्षकलाई शैक्षणिक योजनाको निर्माण गर्न, शिक्षकलाई प्रोत्साहन गर्दै पृष्ठपोषण, आवश्यक सामग्रीको उपलब्धता र सहकार्य गर्न जिल्ला शिक्षा कार्यालयलाई अनुरोध गर्ने, प्र.अ. अभिभावक समेतले विद्यालयको उन्नतीमा चासो देखाउनुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ ।

# विषय सूची

## परिच्छेद एक :  परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धानात्मक प्रश्नहरु ५

१.६ अध्ययनको परिसीमा ६

१.७ अध्ययनमा प्रयोग भएका शब्दावलीको परिभाषा ६


## परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ७

२.२ सैद्धान्तिक खाका ९

२.३ पूनरावलोकनको उपादेयता १०


## परिच्छेद तीनः अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १२

३.२. अध्ययनको जनसंख्या १२

३.३ नमुनाको आकार र छनौट विधि १३

३.४नमुना छनौटको आधार १३

३.५ अध्ययनका साधनहरु १४
३.६ तथ्याङ्क संकलनका श्रोतहरु १४
३.७ तथ्याङ्क संकलन प्रक्रिया १५
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया १५

परिच्छेद चार :तथ्याङ्कको व्याख्या र विश्लेष

४.१ शैक्षणिक योजना निर्माणको अवस्था १६
४.१.१ शैक्षणिक योजना निर्माणको अवस्था १६
४.१.२ शैक्षणिक योजना नबनाउनुको कारण १८
४.१.३ पाठ योजना निर्माणको अवस्था १९
४.१.४ शैक्षिक सामग्रीको निर्माण र प्रयोग २१
४.१.५ शैक्षणिक योजना र शिक्षकको योग्यता २२
४.१.६ विद्यालयमा समुदाय र अभिभावकको सहयोग २४

४.२ शैक्षणिक योजना निर्माणका तत्व २५
४.२.१ शैक्षणिक योजनाका तत्व र प्रभावकारी अवस्था २५
४.२.२ अध्ययन क्षेत्रमा उपलब्ध पाठ्यसामग्रीहरु २६
४.२.३ विषयगत शैक्षिक सामग्रीको विवरण २७
४.२.४ शैक्षिक सामग्रीको उपलब्धताको अवस्था २८
४.२.५ अध्ययन क्षेत्रका विद्यालयमा प्रयोग गरिएका शिक्षण विधि २९
४.२.६ अध्ययन क्षेत्रको वातावरणीय अवस्था ३०
४.२.७ विद्यालयको भौतिक पक्ष ३१

४.३ कक्षा शिक्षणमा शैक्षणिक योजना प्रयोगको अवस्था ३३

४.३.१ विद्यालयमा कक्षा शिक्षण र मूल्याङ्कन ३३

४.३.२ विद्यालयले लिदैं आएको परीक्षा प्रणाली ३५

४.३.३ उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता ३६

४.३.४ शैक्षिक सामग्रीको प्रयोग बिना शैक्षणिक योजनाको प्रभावकारीताको अवस्था ३७

४.३.५ शिक्षणमा शैक्षिक सामग्रीको संलग्नता ३९

४.४ समस्या र समाधानका उपाय ४०

परिच्छेद पाँच :प्राप्ती, निष्कर्ष र सुझाव

५.१ प्राप्ती ४६

५.२ निष्कर्ष ५१

५.३ सुझावहरु ५२

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**